# प्रेश विज्ञप्ती

अर्थ सचिव शान्तराज सुवेदीले संयुक्त राज्य अमेरिकाको वासिङ्गटन डि. सि. मा भइरहेको विश्व बैंक समुह तथा अन्तराष्ट्रिय मुद्रा कोषको संयुक्त वार्षिक साधारण सभा, २०१७ लाई विश्व बैंकको गभर्नरको हैसियतबाट आज संबोधन गर्नुभयो । संबोधनको कममा अर्थसचिव सुवेदीले नेपालको अर्थतन्त्रमा क्रमशः सुधार हुदै गएको, आर्थिक वर्ष २०७३।७४ मा आर्थिक वृद्धिदर २४ वर्षयताकै उच्च भएको, मुद्रास्फिती २.८ प्रतिशत मात्र भएको र राजस्व संकलन गत वर्षको तुलनामा २७ प्रतिशतले वृद्धि भएको बताउनु भयो । त्यसैगरी वहाँले विश्व प्रतिस्पर्धात्मक परिसूचकमा नेपालको स्थान उल्लेखनीय सुधार आएको, लगानीको वातावरणमा क्रमशः सुधार हुदै गएकोले निजी लगानी क्रमशः बढदै गएको बताउनु भयो । सो सम्बोधनमा सचिव सुवेदीले स्थानीय तहको निर्वाचन सम्पन्न भैसकेको तथा निकट भविष्यमा प्रदेश तथा प्रतिनिधि सभाको निर्वाचन सम्पन्न हुने क्रममा रहेको जानकारी गराउनु भयो । साथै यस वर्षको बजेट संघीय ढाँचा अनुरुप निर्माण गरी कुल बजेटको करिब १८ प्रतिशत रकम स्थानीय तह तथा प्रदेशलाई हस्तान्तरण गरिएको बताउदै संघीयता कार्यान्वयन गर्न आगामी दिनमा अत्यधिक श्रोत साधनको आवश्यकता पर्ने बताउनु भयो ।

नेपालमा हालैका वर्षहरुमा भएका सार्वजनिक नीति सुधारका विषयमा प्रकाश पार्दै वहाँले भुकम्प तथा बाढीबाट हुन गएको क्षतिपछिको पुननिर्माण र संघीयता कार्यान्वयनका लागी आवश्यक सहयोग गर्न पनि वहाँले विकास साझेदारहरुलाई आग्रह गर्नुभएको थियो । यसका अतिरिक्त वहाँले सन २०३० सम्ममा नेपाललाई मध्यम आय भएको देशमा स्तरोन्नति गर्ने, दिगो विकास लक्ष्य हासिल गर्ने तथा एकल राज्य प्रणालीबाट संघीय प्रणालीमा रुपान्तरण भइरहेको वर्तमान सन्दर्भमा स्थानीय तहका लागी आवश्यक पुर्वाधार निर्माण र क्षमता अभिबृद्धिका लागी आवश्यक श्रोत व्यवस्थापनका लागी सहकार्य गर्न विकास साझेदारहरुसंग अनुरोध गर्नुभयो ।

संबोधनका क्रममा नेपाली प्रतिनिधि मण्डलका नेता सुवेदीले विश्व अर्थतन्त्रको समन्यायिक वितरणका लागी आवश्यक नीति सुधारमा यस्ता उच्चस्तरीय मन्चहरुले महत्वपूर्ण पृष्ठपोषण गर्नुपर्ने विषयमा जोड दिनुभएको थियो । प्रतिनिधी मण्डलका अन्य सदस्यहरुमा नेपाल राष्ट्र बैंकका गभर्नर चिरञ्जिवी नेपाल, अन्तर्राष्ट्रिय आर्थिक सहायता समन्वय महाशाखा, अर्थ मन्त्रालयका प्रमुख बैकुण्ठ अर्याल, अमेरिका स्थित नेपाल राजदुतावासका कार्यबाहक राजदुत जीवन प्रकाश श्रेष्ठ, नेपाल राष्ट्र बैंकका कार्यकारी निर्देशक नर बहादुर थापा, अन्तर्राष्ट्रिय आर्थिक सहायता समन्वय महाशाखा, अर्थ मन्त्रालयका उपसचिव राम प्रसाद मैनाली र अमेरिका स्थित नेपाली राजदुतावासका इकोनोमिक काउन्सिलर कैलास राज पोखरेल हुनुहुन्थ्यो ।

मिति :२०७४ आश्विन २८ गते ।

संयुक्त राज्य अमेरिका, वासिङ्गटन डि. सि.